


के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक १८ गते शुक्रबार ❑ 4 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## केही समयसम्म गठबन्धन रहन्छ- प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, १७ कार्तिक

प्रधानमन्त्री शेरबहादुर देउवाले केही समयसम्म गठबन्धन कायम रहने बताउनुभएको छ । गृहजिल्लामा आयोजना गरिएको चुनावीसभालाई सम्बोधन गर्न डडेल्धुरा आइपुगुभएका नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री देउवाले गठबन्धनको अपरिहार्यता अझै रहेको बताउनुभयो ।

पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले लोकतन्त्र मास्ने र संविधान च्यात्ने प्रयास थालेपछि पाँचदलीय गठबन्धन बनेको स्मरण गर्दै उहाँले लोकतन्त्र र संविधानको रक्षाका लागि गठबन्धन एक भएको बताउनुभयो । गृहजिल्ला डडेल्धुरा पुगुभएका प्रधानमन्त्री देउवाले जिल्ला सदरमुकाममा आयोजना गरिएको गठबन्धनको चुनावीसभालाई सम्बोधन गर्नुभएको हो ।सभामा उहाँले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालका साथै अन्य दलको सहयोगमा आफूले नचाहँदा पनि प्रधानमन्त्री बन्नुपरेको स्पष्ट पार्नुभयो । ओलीले सरकारको नेतृत्व गरिरहेकै बेला दुईपटक मध्यरातमा संसद् विघटन गरेको घटना, लोकतन्त्र र जनताको मर्म बुझ्ने गरी निर्माण भएको संविधानको बर्खिलापमा लाग्न थालेपछि माओवादी, समाजवादी, जनमोर्चा र अन्य मधेसवादी दलका नेताको सहयोगमा आफूले नेतृत्व लिएको उहाँको भनाइ थियो । जनतालाई झुटा आश्वासन र गफका भरमा देशको गरिमा नै खतरामा पारिरहेको अवस्थामा ओलीको सर्वसत्तावाद र स्वेच्छाचारी प्रवृत्तिबाट मुक्त गर्न पाँच दलीय गठबन्धन गरी देशलाई हाँकिरहेको प्रधानमन्त्री देउवाले जिकिर गर्नुभयो । "त्यसैले यो गठबन्धन देशको आर्थिक समुन्नति र बेरोजगारीका साथै समृद्ध नेपाली नबनेसम्म रहिरहन आवश्यक छ", उहाँले भन्नुभयो ।

उहाँले डडेल्धुराको विकासका लागि आफू सधैँ लागिपरेको जनाउँदै डडेल्धुरा-धनगढी चार लेन सडक निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । डडेल्धुरामा मेडिकल कलेजको काम अगाडि बढिसकेको स्मरण गराउँदै उहाँले पश्चिमसेती जलविद्युत् परियोजनाका लागि भारतसँग सम्झौता गरी काम अगाडि बढिसकेको जानकारी दिनुभयो । अन्य ग्रामीण सडक विस्तार र प्राविधिक शिक्षासँगै गुणस्तरीय शिक्षाका लागि पनि आफू लाग्ने उहाँले स्पष्ट गर्नुभयो ।

प्राचीन धरोहर र मौलिकता ओगटेका कुरालाई जोगाएर राख्नका लागि जिल्लावासीलाई प्रधानमन्त्री देउवाले आग्रहसमेत गर्नुभयो । स्थानीयस्तरमा बजार तथा गाउँका नाम परिवर्तन गर्दा मौलिकता हराउँदै गएको उहाँको भनाइ थियो । प्रधानमन्त्री देउवाले गठबन्धनका उम्मेदवारलाई भोट हाल्न सङ्कोच नगर्नसमेत जिल्लावासीलाई अनुरोध गर्नुभयो । आफूलगायत गठबन्धनका नेताले एक-अर्काको पार्टीलाई पटक-पटक भोट हालेको जनाउँदै जिल्लावासीलाई पनि कुनै द्विविधामा नरही गठबन्धनबाट उम्मेदवार बनेका नेतालाई जिताउन अपिलसमेत गर्नुभयो ।

प्रधानमन्त्रीसँगै उहाँकी धर्मपत्नी आरजु देउवा राणा, केन्द्रीय सदस्य नैनसिंह महर, माओवादी पोलिटब्यूरो सदस्य खगराज भट्ट, सुदूरपश्चिमका सामाजिक विकासमन्त्री गोविन्दराज बोहरा, राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष नन्दराजभट्ट,जगत्पार्कीलगायतका नेताले सत्ता गठबन्धनका उम्मेदवारलाई जिताउनका लागि जिल्लावासीलाई अनुरोध गर्नुभयो ।

## राष्ट्रपति भण्डारी शुक्रबार मुस्ताङ जाने

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

राष्ट्रपति विद्यादेवी भण्डारी शुक्रबार मुस्ताङ भ्रमणमा आउनुहुने भएको छ ।

राष्ट्रपति भण्डारीले त्यहाँको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथको दर्शनसँगै भगवान् बुद्धको मूर्ति अनावरण र भगवान् विष्णुको मूर्ति शिलान्यास गर्ने कार्यक्रम तय भएको छ । राष्ट्रपति शुक्रबार बिहान ८ बजे मुक्तिनाथ आइपुग्ने मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो । "मूर्ति अनावरण र शिलान्यास समारोहमा सरिक भएर राष्ट्रपति भोलि नै फर्कनुहुन्छ", उहाँले भन्नुभयो, "राष्ट्रपतिको भ्रमणलाई सुव्यस्थित बनाउने तयारीमा हामी जुटेका छौँ ।" राष्ट्रपतिबाट मुक्तिनाथको रानीपौवामा निर्माण गरिएको 'लो मुस्ताङ हिमालयन रिसोर्ट'को पनि उद्घाटन हुने जनाइएको छ । राष्ट्रपतिको भ्रमणलाई लक्ष्य गरी सुरक्षा र व्यवस्थापकीय प्रबन्ध चुस्त पारिएको प्रजिअ शर्माले बताउनुभयो ।

राष्ट्रपति भण्डारीले गत वर्ष कात्तिकमा पनि मुक्तिनाथमा पूजाआज तथा यस क्षेत्रको भ्रमण गर्नुभएको थियो ।

## नेपाली युवा उद्यमी मञ्चको पोखरा लोमान्थाङ मोटर र्‍याली

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

नेपाली युवा उद्यमी मञ्च (एनवाइइएफ) ले पोखरा-लोमान्थाङ मार्गमा मोटर र्‍याली आयोजना गरेको छ । कास्कीको पोखरादेखि चीन र नेपालको सिमाना कोरलासम्मको र्‍याली बिहीबार पोखराबाट सुरु भएको हो ।

कात्तिक २० गतेसम्म हुने उक्त मोटर र्‍यालीको नारा 'आन्तरिक पर्यटनका लागि सबैसँगै' रहेको छ । नेपाल पर्यटन बोर्ड गण्डकी शाखा प्रमुख काशीराज भण्डारीले झण्डा हल्लाएर र्‍याली उद्घाटन गर्दै सहभागी टोलीलाई बिदाइ पनि गर्नुभयो । कोरोनापछि थलिएको पर्यटन क्षेत्रलाई यस र्‍यालीले माथि उकास्न सहयोग गर्ने प्रमुख उहाँले बताउनुभयो । यस कार्यक्रमले आपसी भाइचारा बढाउँदै आन्तरिक तथा बाह्य पर्यटनमा सहयोग पुग्ने प्रमुख भण्डारीको भनाइ थियो । भविष्यमा उद्योगको क्षेत्रमासमेत योगदान पुर्‍याउनसक्ने युवा उद्यमीले र्‍याली आयोजना गर्नु नै हरेक क्षेत्रबाट महत्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

सातवटै प्रदेशका विभिन्न च्याप्टरका ६० भन्दाबढी सदस्य तथा युवा उद्यमी र्‍यालीमा सहभागी छन् । आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न मोटर र्‍याली देशव्यापीरुपमा आयोजना गर्दै जाने नेपाली युवा उद्यमी मञ्चका केन्द्रीय अध्यक्ष रितेश लामिछानेले जानकारी दिनुभयो । मञ्चले यसभन्दाअघि मेची महाकाली मोटर र्‍याली गरिसकेको छ ।

स्थानीय संस्कृतिलाई प्रचारप्रसार गर्न यसले टेवा पुर्‍याउने नेपाली युवा उद्यमी मञ्च पोखरा च्याप्टरका अध्यक्ष सुयस मल्लले बताउनुभयो । यसबाट मुस्ताङको भौगोलिक अवस्था र संस्कृति बुझ्नाका साथै सबै च्याप्टरका पदाधिकारीबीच भेटघाट गर्नु भ्रमणको मुख्य उद्देश्य रहेको र यसबाट गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा केही भए पनि राहत मिल्ने उहाँले उल्लेख गर्नुभयो ।

## निष्पक्ष निर्वाचन हुने राष्ट्रपतिको विश्वास

रासस
काठमाडौं, १७ कार्तिक

राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन भयरहित वातावरणमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष गराउन निर्वाचन आयोगले कुनै कसर बाँकी नराख्ने विश्वास व्यक्त गर्नुभएको छ ।

राष्ट्रपति भण्डारीले निर्वाचन आयोग, नेपालका प्रमुख निर्वाचन आयुक्त एवं पदाधिकारीहरुसँगको भेटवार्ताका क्रममा निर्वाचनको व्यवस्थापन र तयारीका लागि आयोगलेदेखाएकोक्रियाशीलताप्रति सन्तोष व्यक्त गर्दै भयरहित वातावरणमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन आयोगले कुनै कसर बाँकी राख्ने छैन भनी विश्वास व्यक्त गर्नुभयो ।

उहाँले निर्वाचनको निष्पक्षता कायम गर्ने विषय आयोगको मात्र नभई राजनीतिक दल, उम्मेदवार एवं सम्बन्धित सबै सरोकारवाला र समुदायको पनि भएकोहुँदासबैकोसहयोग,समन्वय र अन्तरसम्बन्धबाट निर्वाचन सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रपति भवन शीतल निवासमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको व्यवस्थापन र तयारीका बारेमा अवगत गराउँदै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गराउन आयोगले गरिरहेको तयारीका कार्यहरुबारे जानकारी गराउनुभयो ।

सो अवसरमा आयोगका आयुक्तहरु रामप्रसाद भण्डारी र डा जानकीकुमारी तुलाधर, सचिव गोकर्णमणि दुवाडी र सहसचिव शालिग्राम शर्मा पौडेलसमेतको सहभागिता रहेको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिनुभयो ।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउन्ड ह्यान्डलिङ निगमलाई नदिने

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

प्राधिकरणका महानिर्देशक अधिकारीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउन्ड ह्यान्डलिङको जिम्मा नेपाल वायुसेवा निगमलाई नदिने घोषणा गर्नुभएको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महानिर्देशक अधिकारीले पोखरा विमानस्थलको ग्राउन्ड ह्यान्डलिङको काम प्राधिकरण आफैँले गर्ने घोषणा गर्नुभयो ।

यसअघि पोखराको ग्राउन्ड ह्यान्डलिङको जिम्मेवारी निगमलाई दिइएको थियो । तर निगमले दिने सेवाको गुणस्तरमा प्रश्न उठिरहेकाले पोखराको जिम्मेवारी खोस्ने उहाँले घोषणा गर्नुभएको हो । ग्राउन्ड ह्यान्डलिङको काम प्राधिकरणले गर्ने अधिकार रहेकाले त्यसको अधिकार प्रयोग गर्ने महानिर्देशक अधिकारीको भनाइ छ । गौतमबुद्ध विमानस्थलबाट हवाई उडान गर्न निगमले आनाकानी गरेसँगै प्राधिकरण र निगमबीच सम्बन्ध चिसिएको छ । महानिर्देशक अधिकारीले जहाज नउडाउने तर ग्राउन्ड ह्यान्डलिङको काम मात्र गर्छु भन्ने अधिकार निगमसँग नरहेको बताउनुभयो ।

## 'जनताको विश्वास जितेर काम गर्छौं'

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

नेकपा एमाले केन्द्रीय सदस्य एवं कास्की निर्वाचन क्षेत्र नं. २ प्रतिनिधिसभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले जनताको विश्वास जितेर काम गर्ने बताउनुभएको छ ।



पोखरा महानगरपालिका-३३ भरतपोखरीस्थित तल्लो खैरेनीका स्थानीय बासिन्दासँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले यस क्षेत्रको समग्र विकास निर्माणमा कटिबद्ध भएर लाग्ने बताउनुभयो । नेकपा एमालेले मुलुकका मुख्य प्राथमिकतालाई समेटेर निर्माण गरेको घोषणापत्र र पार्टी गण्डकी प्रदेशको प्रतिबद्धतालाई विकास निर्माणको आधार बनाएर अघि बढ्ने मतदाता समक्ष उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । दुःखद परिस्थितिमा यस क्षेत्रका मतदाताले भारी मतका साथ उपनिर्वाचनमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित गराएर आफूलाई हौसला प्रदान गर्नुभएको स्मरण गर्दै नेतृ भट्टराईले भन्नुभयो, "मङ्सिर ४ गतेको निर्वाचन पश्चात मुलुकको विकास निर्माणले गति लिने छ ।"

निर्वाचन क्षेत्र नम्बर २ (१) का उम्मेदवार भीमबहादुर कार्कीले जनताको मनोवललाई उच्च राख्ने गरी काममा जुट्ने विश्वास व्यक्त गर्दै यस क्षेत्रका प्रत्येक गतिविधिमा आफ्नो सहभागीता रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा विभिन्न विकास निर्माणलाई समेटेर सामूहिक रुपमा तयार पारिएको ध्यानाकर्षण पत्रसमेत उम्मेदवार भट्टराईलाई हस्तान्तरण गरिएको थियो । स्थानीय समाजसेवी रामबहादुर पुनको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान वडाध्यक्ष शिवराज आचार्य, नेकपा एमाले पोखरा ३३ का वडाध्यक्ष दीपक लामिछाने, स्थानीय शान्तिदेवी आचार्य, मनमाया मगर, डिबी विश्वकर्मा, ऋषिराज आचार्य लगायतले यस क्षेत्रमा भए गरेका विकास निर्माणका कार्य र पुरा गर्नुपर्ने योजनाका सम्बन्धमा जानकारी गराउनुभएको थियो । उम्मेदवार भट्टराईले आजै अनेमसङ्घ पोखरा ७ महिला भेला, पोखरा ८ र २१ को घरदैलो कार्यक्रममा सहभागी बन्नुभएको थियो ।

## सहारा फुटबल एकेडेमीलाई १५ लाख

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

सहारा क्लब पोखराले सञ्चालन गरेको फुटबल एकेडेमीलाई रु १५ लाख सहयोग प्राप्त भएको छ। पोखराका प्रतिष्ठित उद्योगी एवं राजनीतिज्ञ स्व सूर्यबहादुर केसीको दोस्रो वार्षिक स्मृति दिवस पारेर बिहीबार केसीका परिवारले सो रकम प्रदान गरेका हुन् । स्व केसीकी धर्मपत्नी प्रेमकुमारी केसीले सहारा क्लब पोखराका अध्यक्ष हरिराम गुरुङलाई सहयोग रकमको चेक हस्तान्तरण गर्नुभयो । कार्यक्रममा केसीका छोरा तथा युवा उद्योगी प्रकाश केसीले सहारासँगको बुबाको संस्थागत निकटता र सबैलाई मायाको दृष्टिकोणले हेर्ने भएकाले परिवार एकेडेमीको सञ्चालनमा जोडिएको बताउनुभयो । गत वर्ष केसी परिवारले क्लबले सञ्चालन गर्दै आइरहेको


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रथम ए.बि.सी एटएसाईड, आयोजकका दुबै टोली पराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ कार्तिक**



अमरसिंह ब्वाईज क्लबका दुबै टोली प्रथम ए.बि.सी एट ए साईड राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताबाट बाहिरिएका छन्। ४५ वर्षमाथिको उमेर समूहको पहिलो पटक आयोजित एटए साईड फुटबलमा आयोजकका दुबै टोली पराजित हुन पुगे।

पोखराको अमरसिंह माविको चौरमा अमरसिंह ब्वाईज क्लबको आयोजनामा बिहीबारदेखि शुरुभएको प्रतियोगितामा आयोजकको निलो एक्स पोखरा भेट्रान्ससँग पराजित हुदाँ आयोजकको निलो भने पेनाल्टी सुटआउटमा एक्स वारियरसँग पराजित हुदै बाहिरियो।

पहिलो खेलमा आयोजक अमरसिंह ब्वाईज(ए.बि.सी सेतो) लाई एक्स पोखराले १-० गोलले पराजित गर्दै क्वाटरफाईनल प्रवेश गर्‍यो। खेलको ७ औं मिनेटमा राजु गुरुङले गोल गर्दै एक्स पोखराको जित सुनिश्चित गरे। उनी खेलको म्यान अफ दि म्याच बने। दोस्रो खेलमा काठमाडौंको नाईटकिङ्स सानो गौचरनले लेकसाईड भेट्रान्सलाई १-० गोल अन्तरले पराजित गर्‍यो। निकै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो हाफमै प्रकाश रानामगरले गरेको गोल निर्णायक बन्न पुग्यो। रानामगरले खेलको ६ औं मिनेटमा गोल गर्दै अन्तिम आठको स्थान पक्का बनाए। उनी खेलमा म्यान अफ दि म्याचको हकदार बने। तेस्रो खेलमा भने गण्डकी प्रदेशको टोली अनुपस्थिति हुदाँ बुटवल भेट्रान्सले वाक ओभर पायो।

अन्तिम खेल आयोजक ए.बि.सी निलो र एक्स वारियरको खेल भने निकै प्रतिस्पर्धात्मक बन्यो।

निर्धारित समय गोलरहित टुंगिएको थियो। पेनाल्टी सुटआउटमा एक्स वारियरले ३-२ गोल अन्तरले पराजित गर्दै जित आत्मसात गर्‍यो। ए.बि.सीका लागि सचिन गुरुङ र जय थापाको पेनाल्टी गोल हुदाँ शैलेस गुरुङको प्रहारलाई एक्स वारियरका गोलरक्षक प्रविन्द्र गुरुङले बचाउ गरे। एक्स वारियरका लागि तेजबहादुर गुरुङ, भरत थापा र प्रविन्द्र गुरुङले हानेको पेनाल्टी गोलमा परिणत भएको थियो। ए.बि.सीको पेनाल्टी बचाउ गरेका प्रविन्द्र खेलको म्यान अफ दि म्याच घोषित भए।

प्रतियोगितामा १२ टोलीले सहभगिता जनाएका छन्। विजेताले नगद १ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्ने छ। उपविजेताले ७७ हजार ७ सय ७७ रुपैयाँ पाउँदा सर्वोत्कृष्ठ खेलाडीले नगद १० हजार र उत्कृष्ट गोलकिपर, डिफेण्डर, स्ट्राईकर र प्रशिक्षकले जनही ५ हजार रुपैयाँ प्राप्त गर्ने प्रतियोगिताका संयोजक एवं अमर सिंह ब्वाईज क्लबका अध्यक्ष राजेश गुरुङले जानकारी दिए।

प्रतियोगिताको उदघाटन गण्डकी प्रदेशका गठबन्धनका कास्की १ खका उम्मेदवार दिपक गुरुङले गरेका थिए। उदघाटन समारोहमा वडा नं १० का निवर्तमान वडाध्यक्ष राजकुमार गुरुङ, गण्डकी प्रदेश खेलकुद परिषदका सल्लाहकार सुनिल गुरुङ, कास्की जिल्ला फुटबल संघका संस्थापक अध्यक्ष महेश गुरुङ लगायतले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गरेका थिए।



किसानलाई धान भित्र्याउने चटारो। माछापुच्छ्रे गाउँपालिका-८ का स्थानीय किसान दाइँ हाल्दै। तस्बिर : जमुनावर्षा शर्मा /रासस

# स्थानीयलाई विकास बुझाउँदै,योजना सुनाउँदै एमाले उम्मेदवार कार्की

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ कार्तिक**

नेकपा एमालेको तर्फबाट कास्की क्षेत्र नम्वर २ (१) का प्रदेश सभा सदस्य पदका उम्मेदवार भिम बहादुर कार्की आफ्नो निर्वाचन क्षेत्रमा एमाले नेतृत्वको प्रदेश र केन्द्र सरकारले गरेका विकास बुझाउँदै तथा आफू र आफ्नो पार्टीले अघि सारेका विकासका योजना सुनाउँदै मत माग्न व्यस्त छन्। निर्वाचन क्षेत्रअर्न्तगत कास्कीको दक्षिणी भेगमा पर्ने पोखरामहानगरका दुई वडा २१ र ३३ का मतदातासँग निरन्तर भेटघाटमा रहेका कार्कीले जनतालाई उक्त पर्यटकीय क्षेत्र घोषणा भएको र विस्तारै अब पूर्वाधारका काम पूर्ण हुँदै जादा आकर्षक गन्तव्य उन्मुख हुँदै गरेको बताए। उनले उक्त ठाउँमा बनेका पूल, बाटो निर्माण तथा पानीको समस्या समाधानसँगै सबै काम एमाले नेतृत्वका स्थानीय, प्रदेश र केन्द्र सरकारको पहलमा भएको जानकारी गराए। कृषिमा व्यवसायिकता रहेको सो क्षेत्रको अर्को सम्भावनालाई आधुनिक ढंगले विकाससँगै युवालाई स्वदेशमै रोजगारी प्रदान गर्ने नीति रहेको उनको भनाई छ।



कार्कीले युवा, महिला सशक्तीकरण सहित स्थानियलाई अब पाँच वर्ष भित्र महानगरवासीको अनुभुति हुने गरि काम गर्ने योजना सुनाए। केपी ओली नेतृत्वको एमाले सरकारद्वारा गठित भुमीसम्बन्धी समस्या समाधान आयोगमा केन्द्रीय सदस्य तथा प्रवक्ताका रूपमा काम गरेका कार्कीले भुमिहिन जनताका समस्या सधैंका लागि समाधान गर्ने योजना रेहको स्पष्ट पारे। उनले अबको 'पाँच वर्ष एमालेले गर्छ' भन्ने अबवधारणा आफ्नो पार्टीको प्रतिवद्धता भएको भन्दै बहुमत सहित सरकार निर्माणको जनादेश दिन जनतालाई आग्रह गरेका छन्।

# मालेपाटनमा पहारीको घरदैलो

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ कार्तिक**



पोखरा-५ मालेपाटन वडामा मत माग्न पुगेका नेकपा एमाले कास्की क्षेत्र नम्बर ३ ख प्रदेश सभा उम्मेदवार राजिव पहारीलाई मालेपाटनवासीले फेरी पनि विजयी गराएरै छाड्ने बताएका छन्।

विहीवारको घरदैलोमा उनलाई स्थानिय जेष्ठ नागरिकदेखि युवाहरुले साथ दिएका थिए।

जेष्ठ नागरिकहरुको आर्शिवाद ग्रहण गर्दै घरदैलोमा निस्किएका पहारीले अघिल्लो पटक देखाएको क्रियाशिलतालाई मुल्याङ्कन गर्दै फेरी पनि विजयी गराउने मालेपाटनवासीहरुले बताए। मालेपाटनका जनताहरुले दिएको आर्शिवादले आफुलाई हौसला मिलेको पहारी बताउँछन्। 'यहाँका बुवाआमाको आर्शिवाद तथा युवाहरुको साथले ठूलो प्रेरणा मिलेको छ' उम्मेदवार पहारीले भने।

गण्डकी प्रदेशका निवर्तमान सांसद समेत रहेका पहारीले आफुले अघिल्लो कार्यकालमा विभिन्न स्थानमा थालनी गरेको कामहरु अलपत्र परेको जनाउँदै वडा ५ मा पनि थुप्रै काम बाँकी रहेको जनाए। पहारीले घरदैलोको क्रममा भने 'केहि काम सम्पन्न भए, केहि गर्दागर्दैका बाँकी छन्, ति काम सम्पन्न गर्न पनि उम्मेदवारी दिएको हुँ'।

# सहरा...

एकेडेमीको जिम्मेवारी लिँदै वार्षिक रु १५ लाख १० वर्षसम्म प्रदान गर्ने सम्झौता गरेको थियो। कार्यक्रममा स्व जुमबहादुर गुरुङको स्मृतिमा उहाँको परिवारले एकेडेमीलाई रु ५० हजारको अक्षय कोष सञ्चालन गर्ने गरी रकम हस्तान्तरण गरेको छ। सहारा एकेडेमीमा १४ जना कठिन परि स्थितिका बालकहरु आश्रित रहँदै आएका छन्। हिमश्री फुड्सको उत्पादन आहा रारा चाउचाउको नाममा केसी परिवारले सहारा क्लबले आयोजना गर्ने आहा-रारा गोल्डकप प्रतियोगिताको मुख्य प्रायोजन गर्दै आइरहेको छ। सहारा क्लबले आफैँले जग्गा खरिद गरेर पोखरा-१७ दोविल्लामा एकेडेमी सञ्चालन गर्दै फुटबल खेलको विकास गदै आएको छ।

# घोषणापत्रका प्रतिबद्धता पूरा गर्छौं : पूर्वमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**दमौली, १७ कार्तिक**

नेकपा (एमाले)का स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री किरण गुरुङले घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धता पूरा गर्ने बताउनुभएको छ। तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा बिहीबार आयोजित घरदैलो अभियानका क्रममा पूर्वमन्त्री गुरुङले एमालेले सार्वजनिक गरेका घोषणापत्र कार्यान्वयन हुने बताउनुभयो।

तनहुँ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्य उम्मेदवार गुरुङले एमालेले जे बोल्छ त्यो गर्ने दाबी गर्दै सार्वजनिक गरिएको २० ग्यारेण्टीसहितको घोषणापत्र कार्यान्वयनमा शङ्का नगर्न आग्रह गर्नुभयो। "मङ्सिर ४ गते हुने निर्वाचनपछि अध्यक्ष केपी ओली नेतृत्वमा बहुमतको सरकार बन्छ, एमाले नेतृत्वमा देश विकासले सार्थक रुप लिन्छ", गुरुङले भन्नुभयो। देश विकासको सङ्कल्प बोकेर एमाले चुनावी अभियानमा होमिएको भन्दै गुरुङले सुखी नेपाली समृद्ध नेपालको अभिभारा पूरा गरेरै छाड्ने दाबी गर्नुभयो। तनहुँ क्षेत्र नं २ मा एमालेले सुरु गरेको विकास अभियानलाई निरन्तरता दिन आफू उम्मेदवार बनेको गुरुङले प्रष्ट पार्नुभयो। "सडक, खानेपानी, बाटोका काम अगाडि बढेका छन्, यसलाई निरन्तरता दिनु छ, एमालेको विकास अभियानका कारण जनताको आकर्षण बढेको छ", उहाँले भन्नुभयो।


**डेंगीबाट बच्ने उपायहरु:**

◆ बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
◆ लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
◆ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
◆ पानी राखेको भाँडालाई छोपेर राखौं।
◆ दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
◆ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
◆ अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
◆ कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# निर्वाचन आयोगको निर्देशन

आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित बनाउन सरकारलाई निर्देशन दिएको छ । सरकारले निर्वाचनलाई प्रभावित पार्ने गरि गतिविधि गरेपछि निष्पक्ष, स्वतन्त्र र भयरहित रूपमा सम्पन्न गर्न गराउन भन्दै सरकारलाई सात बुँदे निर्देशन दिएको छ । आायोगले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायमा निर्देशन दिन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सात बुँदे निर्देशन दिएको छ । सरकारले निर्वाचनको वाहाना बनाएर गर्नुपर्ने नियमित काम पनि गर्न छाडेको छ । सरकारले दैनिक गर्नुपर्ने काम र निर्वाचनको कामलाई सघाउने काम गर्नु दायित्व हो । सरकारको दायित्व नभुल्न आयोगले सचेत गराएको छ ।

आयोगले निर्वाचनमा यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकामस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाध रूपमा सञ्चालन गर्ने व्यवस्था गर्न निर्देशन दिएको छ । निर्वाचनको लागि मुख्य काम यातायात सुचारु हुनुपर्छ । त्यसको लागि तोकिएको मतदान स्थल र मतदान केन्द्रसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारसमेत नेपाल सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवम् स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मत सम्भार गरी गराई सुचारू अवस्थामा राख्ने व्यवस्था गर्न निर्देशन दिएको छ । सुचना अहिले सबैको प्राण वायु जस्तै भएको छानिर्वाचनसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा जानकारी सरकारका ३ वटै तह अन्तर्गतका सम्पूर्ण निकायको कार्यालय परिसरभित्रका सबै डिजिटल डिस्प्ले सूचना पार्टीमा आम सर्वसाधारणले देख्न र पढ्न सक्ने गरी डिस्प्ले गर्ने गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ । निर्वाचनको बेला निर्वाचन आयोगको भुमिका कस्तो हुनुपर्छ भनेर सकृयता देखाउन खोजेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गत सञ्चालित लोक कल्याणकारी विज्ञापन सम्बन्धी कार्यक्रमबाट प्रकाशन तथा प्रसारण हुने विज्ञापन तथा सूचनामूलक सामग्रीमा निर्वाचन आयोगबाट उत्पादित तथा प्रेषित सूचनामूलक सामग्री प्राप्त गरी सबै छापा एवं विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने व्यवस्था गर्न आयोगले भनेको छ । सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होम लगायत सबै स्वास्थ्य संस्था निर्वाध रूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्स सुचारू अवस्थामा राख्न आयोगले निर्देशन दिएको छ । साथै जिल्लामा रहेका दमकललाई सञ्चालन अवस्थामा राखी निर्वाचनको क्रममा आवश्यक परेको बखत तत्काल प्रयोग गर्न सक्ने व्यवस्था गर्न भनिएको छ । अरुबेला भन्दा चुनावको बेला सरकार कसरी सकृय बन्ने सोच राखेको भए निर्वाचन आयोगले मसिना काम पनि संभ्फाउनुपर्ने थिएन ।

सुरक्षा निकाय, सञ्चार सेवा प्रदायक संस्था तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधनमर्मत र सेवा बिस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा बिस्तार गरी चालु अवस्थामा राख्न भनिएको छ । निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था गर्न आयोगले भनेको छ । निर्वाचन आयोगले खटाएका कुनै निजामती वा सरकारका ३ वटै तहका विभिन्न निकायका कर्मचारी वा सुरक्षाकर्मीलाई कुनै किसिमको डर, धम्की वा प्रलोभन नदिन निर्देशन दिइएको छ । यदि वल प्रयोग गरी आफ्नो कर्तव्य पालना गर्न वा गराउनबाट विचलित गराएमा उक्त कार्यलाई निर्वाचन कसुर मानिने व्यवस्था रहेको भन्दै कहीँ कतैबाट यस्तो कुनै कार्य भए गरेको पाइएमा कानूनबमोजिम आवश्यक कारबाही गर्ने गराउने व्यवस्था गर्न आयोगले सरकारलाई निर्देशन दिएको छ । सरकारले आचारसंहिता पालना नगर्दा कडा निर्देशन दिने अवस्था आएको हो ।

आयोगले खटाएका कुनै निजामती वा ३ वटै सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीलाई कानून वा आयोगको आदेश वा निर्देशनको जानाजानी उल्लङ्घन हुने कार्य नगर्न भनिएको छ । यदि वदनियतले कुनै काम कारबाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मीमाथी उसको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्ने व्यवस्था भन्दैको भन्दै त्यसै बमोजिम गर्ने गराउने व्यव्सथा गर्न पनि निर्देशन दिएको छ । यश पटकको निर्वाचन आयोगले जारी गरेको आचारसंहिता र निर्देशन पालना हुन सकेमा प्रणालीमा सुधार आउनेछ ।

# मनाङमा चुनावी सरगर्मी बढ्दै

**पोखरापत्र संवाददाता**
**मनाङ, १७ कार्तिक**

हिमाली जिल्ला मनाङमा तीन राजनीतिक दलबीच प्रतिस्पर्धा हुने भएको छ । विसं २०७४ को निर्वाचनमा भने यहाँ दुई दलबीच प्रतिस्पर्धा भएको थियो ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा सत्ता साझेदार नेपाली कांग्रेस, नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीबीच प्रतिस्पर्धा हुने भएको छ । दुई मुख्य दलले पुरानै अनुहारलाई जनतामाझ ल्याएको छ भने मनाङका लागि राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ हो । पार्टी नै नयाँ हुँदा मनाङवासीले साथ दिन्छन् वा दिँदैनन् भन्ने हेर्न चुनाव नै कुर्नु पर्नेछ । कांग्रेसका टेकबहादुर गुरुङ, एमालेका पाल्देन छोपाङ गुरुङ र राष्ट्रिय स्वतन्त्र पार्टीका मुखिया गुरुङ चुनावी प्रतिस्पर्धामा छन् । अहिले चुनावी प्रचारप्रसारमा उम्मेदवार व्यस्त छन् । कांग्रेस उम्मेदवारले विगतदेखि नै मनाङलाई सडक सञ्जालसँग जोड्न जोड दिँदै आएको छ । मनाङका लागि कांग्रेस पुरानो पार्टीका रुपमा चिनिन्छ । गत निर्वाचनमा मनाङमा एमाले विजयी भएको थियो । प्रदेशसभा ‘क’ तर्फ कांग्रेसका मुनिन्द्रजङ्ग गुरुङ, एमालेका राजन गुरुङ र राप्रपाका मिफेल धिन्दु लामा प्रतिस्पर्धामा छन् । प्रदेशसभा ‘ख’तर्फ राजीव गुरुङ निर्विरोध भइसक्नुभएको छ ।

गत निर्वाचनमा कूल पाँच हजार आठ सय ८१ मध्ये चार हजार तीन सय ३८ मत खसेको थियो । दुई सय ८१ मतान्तरले एमाले विजयी भएको थियो । गत स्थानीय तह निर्वाचनमा मनाङका तीन पालिकामा कांग्रेस तथा एउटामा एमाले विजयी भएको थियो । प्रतिनिधिसभा र प्रदेशसभामा जित निकाल्ने उद्देश्यसहित सत्ता साझेदार कांग्रेसले नेकपा (माओवादी केन्द्र) सँग गठबन्धन कायम गरेको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मा मनाङमा तीन हजार दुई सय ८१ पुरुष र तीन हजार चार सय ९८ महिला गरी कूल छ हजार सात सय ७९ मतदाता छन् ।

# अतिक्रमणको चपेटामा सिकार आरक्षण

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ कार्तिक**

बागलुङ, म्याग्दी र रुकुम गरी तीन जिल्लामा फैलिएको ढोरपाटन सिकार आरक्षण अतिक्रमणको सिकारमा परेको छ ।

केन्द्रको एक सय ७५ हेक्टर जमिन अतिक्रमण भएको हो । केन्द्रका प्रमुख संरक्षण अधिकृत बीरेन्द्रप्रसाद कँडेलले विभिन्न ३४ स्थानको जमिन अतिक्रमणमा परेको जानकारी दिनुभयो । आरक्षण केन्द्रले गत वर्ष म्याग्दीको गुर्जाघाटमा भएको करिब दश हेक्टर अतिक्रमित भू-भाग खाली गराएको थियो । उक्त क्षेत्रमा म्याग्दीका स्थानीयले अस्थायी टहरा निर्माण गरी मौसमी बसाइ गर्दै आएका थिए ।

गत वर्ष अस्थायी गोठ हटाएर जमिन खाली गराएको ढोरपाटन सिकार आरक्षण प्रमुख कँडेलले जानकारी दिनुभयो । अतिक्रमित भू-भागमा तीन सय ११ घरधुरीले घरटहरा निर्माण गरेर बसोबास गरेका छन् । सबैभन्दा बढी म्याग्दी जिल्लाको भागमा अतिक्रमण रहेको प्रमुख संरक्षण अधिकृत कँडेलको भनाइ छ । प्रशासनिक सुविधा नभएको कारण अतिक्रमण रोक्न कठिन परेको छ । केन्द्रको पाखाथर, गाडीखोला, खालुडेखुलुडी, लामखोरिया, छेन्तुङ, सल्लाथान, नवी, स्यालपाखे, सल्लाथान क्षेत्रमा रहेका ३० परिवारले बारबन्देज गरेको जग्गा आर्थिक बर्ष २०७७/०७८ मा खाली गरिएको थियो । कूल एक हजार तीस सय २५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको आरक्षण केन्द्रको म्याग्दीको लुलाङखोरिया र गुर्जाखानी, रुकुमाको रन्मा, मैकोट, तकसेरा, कोल, रन्मा र कात्री तथा बागलुङको निसी, बोंगादोभान, अधिकारीचौर र बोवाङको क्षेत्रमा जग्गा अतिक्रमण भएको छ । अतिक्रमित जमिनमा स्थानीयले स्याउ, आलुलगायतका खाद्यन्न तथा फलफूल खेती गरेका छन् । अतिक्रमण रोक्न स्थानीयसँग आरक्षण केन्द्रले पटक पटक आग्रह गरे पनि सफल भएको छैन । अधिकांश क्षेत्रमा सुरक्षा निकायको उपस्थिती बढाउन नसक्दा अतिक्रमण गर्नेका लागि सजिलो भएको कार्यालय प्रमुख कँडेलको भनाइ छ । विगत तीन वर्षदेखि अतिक्रण हटाउने प्रयास गरे पनि सफल हुन सकेको छैन । केही घरहरु आरक्षण स्थापना हुनुअघि नै रहेका कारण सरकारले लालपूर्जा दिलाउनुपर्ने वा बस्ती स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको कार्यालय प्रमुख कँडेलले बताउनुभयो । लालपूर्जा वितरण, राहत तथा पुनर्स्थापना गर्न सरकारले मन्त्रिपरिषदको बैठकले नै टुङ्ग्याउनु पर्ने भएकाले अतिक्रमण हटाउन नसकिएको कँडेलले बताउनुभयो ।

आरक्षण केन्द्र घोषण हुनु पहिले नै बसोबास तथा खेतीपातीका लागि भोग चलन गर्दै आएको जग्गाको विषयमा आरक्षण केन्द्र र स्थानीयबीच विवाद कायम रहेको ढोरपाटन नगरपालिका-९ का वडाध्यक्ष खिमबहादुर घर्ती मगरले जानकारी दिनुभयो ।

आरक्षण केन्द्रले स्थानीयलाई नीति नियम तथा विषय वस्तु बुझाउन नसक्दा समस्या भएको उहाँको भनाइ छ । आरक्षण स्थापना हुनुपूर्व स्थानीयले हाल आरक्षले दाबी गरेको क्षेत्रमा खेतीवाली, मठमन्दिर निर्माण अस्थायी टहरा निर्माण गरेका छन् ।

# देशमा सुशासन कायम गर्न गठबन्धनको आवश्यकता : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ कार्तिक**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँ गाउँमा विकास र घरघरमा रोजगारी बनाउने आफ्नो मुख्य योजना रहेको बताउनुभएको छ ।

जिल्लाको बन्दीपुर गाउँपालिका-६ साराङ्गघाट तथा आँबुखैरेनी गाउँपालिका ६ मा आज आयोजित बेग्लोबग्लै कार्यक्रममा उहाँले गाउँमानै बसु बसु बनाउन त्यहाँ आवश्यक पूर्वाधार विकास निर्माण बनाउनुपर्नेमा जोड दिनुभयो ।

गाउँको विकासमा जोड दिदै गाउँबाट शहरमा बसाईसराई हुने प्रवृत्तिलाई निराकरण गर्ने मुख्य लक्ष्य राखेर अघि बढेको उहाँले बताउनुभयो । हिजो पदमा रहँदा नरहँदा पनि जिल्ला र देशको विकासमा सशक्त रुपमा लागेको बताउँदै नेता पौडेलले आउँदा दिनमा पनि यस क्षेत्रको विकासमा दत्तचित्त भएर लाग्ने प्रतिवद्धता जनाउनुभयो ।

स ङ ् घ ी य लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै देशमा सुशासन कायम गर्न गठबन्धनको आवश्यकता देखिएको उहाँको भनाइ थियो । “लोकतन्त्र र संविधान जोगाउन गठबन्धन गरिएको हो”, उहाँले भन्नुभयो ‘कांग्रेसको मात्रै दुई तिहाईको बहुमत आउन नसक्ने देखिएकोले गठबन्धन गरिएको हो ।”


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ११ निवासी भारतीय भु.पु. सैनिक नं. 05447115 F, 1\5 GR का नायक मिम वहादुर गुरुङको श्रीमती ज्ञानी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर **ज्ञानी गुरुङ** भएको र पतिको भारतीय पेन्सन अभिलेखमा नामथर **दुर्गा देवी गुरुङसेनी** भएकोले उल्लेखित दुवै नामथर भएको **व्यक्ति एउटै भएको** व्यहोरा जानकारी गराइन्छ ।



प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/०६

यस कार्यालयबाट मिति २०७२/१०/०७ मा कास्की जिल्ला ढिकुरपोखरी ०७ मा संचालन गर्ने गरी ढिकुरपोखरी ०७ कास्की निवासी सरोज पौडेलको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ११३५८/०७२/०७३ को सरोज राईस मिल नामक फर्मका प्रोपराईटर श्री सरोज पौडेलले मिति २०७९/०७/०६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदाबी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।



## पसल बिक्रीमा

**पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तः बिक्रीमा छ ।**

**सम्पर्कः**
**९८२७१९९५८६**
**९८१९५२९०४५**



“शिक्षा स्वास्थ्य र पुर्वाधार, समुन्नत पुतलीबजारको आधार”

# पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकको कार्यालय
### प्रगतिनगर, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

## आ.व.०७९/८० को ढुंगा, गिट्टि, वालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी सूचना

**(Electronic Bid Only)**

**सूचना प्रकाशित मितिः २०७९/०७/१८ (तेस्रो पटक)**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस पुतलीबजार नगरपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्वन्धी कार्य आ.व. २०७९/०८० को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरीएको छ । मिति २०७९/०७/२५ गते दिनको १२ बजेभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फाराम दस्तुर रु ३०००।– जम्मा गरी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापार्टी, तथा कार्यालयको वेभ साईट www.bolpatra.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।**

**ढुङ्गा, गिट्टि र वालुवा आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदि/खोलाहरुको विवरण | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ अनुसारको उत्खनन् गरिने घाटको विवरण | वार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | न्युनतम ठेक्का अंक रु. मा (मु.अ.कर बाहेक ) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| ०५/०७९/०८० | आधिँखोला र रिङदीखोलाको पुछार समेत | छिर्डिँ, खल्लुवोट, राङखोला दोभान, लाम्पाटा, रिङदिखोला पुछार, गैरीजाँगर, बर्लाङ–वेलवास, हेलु–आधिँदोभान घाटसम्म | ५३५६७.५० | १३३३०६६७ | मु अ कर समेत कबोल गरेको अंक को ५% | ३०००।– |

**प्रमुख प्रशासकीय अधिकृत**

